## इन एण्ड आउट चिकित्सा सहायताको लागि को योग्य छन्?

निम्नको लागि (आम्दानी बाहेक) सबै आवश्यकताहरू पूरा गर्ने व्यक्तिहरू:

- आवश्यकतामा रहेका परिवारहरूको लागि आर्थिक सहायता (FANF);
- वृद्धावस्था सहायता (OAA);
- आवश्यकतामा रहेका दृष्टिविहीनका लागि सहायता (ANB);
- स्थायी र पूर्ण रूपमा अशक्तका लागि सहायता (APTD);
- गर्भवती महिलाहरूका लागि चिकित्सा कभरेज;
- 19 वर्षभन्दा कम उमेरका बालबालिकाहरूका लागि कभरेज; वा
- गहन अपाङ्गता भएका बालबालिकाहरू।

फोस्टर स्याहारमा रहेका वा दत्तकग्रहण (एडप्सन) अनुदान प्राप्त गरिरहेका केही बालबालिकाहरू पनि इन एण्ड आउट चिकित्सा सहायताको लागि योग्य हुन सक्छन्।

## स्रोतहरूको हिसाब गरिन्छ?

गरिन्छ। बैङ्क खाता, निक्षेप प्रमाणपत्र, सेयर, वा ऋणपत्र जस्ता सम्पत्तिहरूलाई सम्मिलित गरिन्छ। यद्यपि, तपाईंको आफ्नो घर, घरका सामानहरू र दैनिक जीवनयापनको लागि आवश्यक कुराहरूलाई सम्मिलित गरिँदैन। स्रोतमा सीमा तोकिएको हुन्छ।

## आम्दानीमा के-कस्ता सीमा तोकिएको छ?

इन एण्ड आउटको लागि आम्दानीमा कुनै सीमा तोकिएको छैन। इन एण्ड आउट चिकित्सा सहायताको सम्बन्धमा, तपाईंको "स्पेण्डडाउन" रकम निर्धारण गर्नको लागि मात्र तपाईंको आम्दानी प्रयोग गरिन्छ।

## "स्पेण्डडाउन" भनेको के हो?

स्पेण्डडाउन भनेको गाडीको बिमाको लागि कटौती रकम जस्तै हुन्छ। तपाईंको आम्दानी र तपाईंको संरक्षित आम्दानी स्तर बीचको अन्तरलाई तपाईंको स्पेण्डडाउन भनिन्छ। चिकित्सा कभरेज सुरू हुनुभन्दा अगाडि तपाईंले आफ्नो स्पेण्डडाउन रकम बराबरको चिकित्सा बिलहरू देखाउनुपर्ने हुन्छ। इन एण्ड आउट चिकित्सा सहायताले तपाईंको स्पेण्डडाउन रकम पूर्ति गर्न प्रयोग गरिएका बिलहरू भुक्तान गर्नेछैन।

## स्पेण्डडाउन अवधि भनेको के हो?

तपाईंले आफ्नो स्पेण्डडाउन पूर्ति गरिसक्नुभएपछि, तपाईंले निश्चित समयावधिको लागि कभरेज प्राप्त गर्नुहुनेछ जसलाई "स्पेण्डडाउन अवधि" भनिन्छ। स्पेण्डडाउन अवधि या त 1 महिना वा 6 महिना हुन्छ। तपाईंले यस कार्यक्रमको लागि आवेदन दिँदा आफ्नो स्पेण्डडाउन अवधि रोज्नुहुनेछ। यो रोजाइ र तपाईंको स्पेण्डडाउन कति हुनेछ भन्ने कुरा तपाईंको कार्यकर्ताले स्पष्ट पार्नेछ।

## स्पेण्डडाउन पूर्ति गर्न के-कस्ता खर्चहरूलाई प्रयोग गर्न सकिन्छ?

तपाईं वा तपाईंको घर-परिवारको अन्य सदस्यले उपयोग गर्नुभएको चिकित्सा स्याहार र सेवाहरूको भरपाई नभएका खर्चहरूलाई तपाईंले आफ्नो स्पेण्डडाउन पूर्ति गर्न प्रयोग गर्न सक्नुहुन्छ। *सहर वा नगर कल्याणले भुक्तान गरिसकेका बिलहरूलाई पनि तपाईंको स्पेण्डडाउन पूर्ति गर्न प्रयोग गर्न सकिन्छ।*

हामी निम्न खर्चहरूलाई मान्यता दिन्छौँ:

- *तपाईंले अझै भुक्तान गर्न बाँकी रहेको तपाईंका विगतका चिकित्सा बिलहरू
- आश्रित व्यक्तिको चिकित्सा खर्चहरू
- चिकित्सकले आवश्यक छ भनि निर्धारण गरेको असूचीबद्ध औषधिहरू
- स्वास्थ्य बिमा प्रिमियमहरू
- चिकित्सकसँग गरिएका भेटहरू
- दन्त चिकित्सकसँग गरिएका भेटहरू
- एक्स-रे
- चिकित्सा यातायात
- प्रयोगशाला परीक्षणहरू
- चिकित्सा सामग्रीहरू
- निर्धारित औषधिहरू
- अस्पतालका बिलहरू
- चश्मा
- श्रवण यन्त्र

**तपाईंले कुनै चिकित्सा बिल (वा यसको अंश) लाई तपाईंको स्पेण्डडाउन पूर्ति गर्न प्रयोग गरिसकेपछि, तपाईंले उक्त बिलको उही अंशलाई पुन: प्रयोग गर्न सक्नुहुन्न। यद्यपि, बिलको प्रयोग नगरिएको अंशलाई पछिको स्पेण्डडाउन अवधिमा प्रयोग गर्न सकिन्छ। तपाईंको कार्यकर्ताले तपाईंलाई एउटा लग प्रदान गर्नेछ जसले तपाईंको स्पेण्डडाउन पूर्ति गर्न कुन बिलहरू प्रयोग गरियो भनेर देखाउनेछ।*

## मेडिकेड प्राप्तकर्ताको रूपमा सेवाहरू प्राप्त गर्ने बारे मलाई के थाहा हुनुपर्छ?

तपाईंले आफ्नो स्पेण्डडाउन पूर्ति गरिसक्नुभएपछि, तपाईं मेडिकेडको लागि योग्य हुनुहुनेछ र तपाईंलाई बाँकी स्पेण्डडाउन अवधिसम्म कभर गरिनेछ। तपाईंले आवेदन दिनुभएको मितिबाट 3 महिना अघिसम्मका चिकित्सा बिलहरूको सम्बन्धमा मद्दत माग्न पनि सक्नुहुन्छ।

तपाईं योग्य रहेको पाइएपछि, तपाईंलाई एउटा चिकित्सा सहायता परिचय पत्र मेल गरिनेछ। तपाईं कभरेजको लागि योग्य हुनुहुँदा, तपाईं NH को ती कुनैपनि चिकित्सा प्रदायककोमा जान सक्नुहुन्छ जसले मेडिकेड स्वीकार्दछ। तपाईंको चिकित्सा सहायता परिचय पत्र देखाउनुहोस्, र उक्त प्रदायकले मेडिकेडको नाममा बिल काट्नेछ।

सेवाहरू प्राप्त गर्नु पूर्व, उनीहरू NH मेडिकेड स्वीकार्छन् कि स्वीकार्दैनन् भनेर प्रत्येक प्रदायकलाई सोध्नुहोस्। उनीहरू NH मेडिकेड स्वीकार्दैनन् र तपाईंले पहिले नै विशेष स्वीकृति प्राप्त गर्नुभएको छैन भने, उक्त बिलको लागि तपाईं जिम्मेवार हुनुहुनेछ।

## मैले कहाँ आवेदन दिनुपर्छ?

तपाईंले DHHS डिस्ट्रिक्ट कार्यालयमा गएर, फोन गरेर, वा कार्यालयलाई लिखित अनुरोध गरेर आवेदनपत्र प्राप्त गर्न सक्नुहुन्छ। तपाईंले आवेदनपत्र पूरा गरिसकेपछि, तपाईंको अन्तर्वार्ता लिइनेछ र तपाईंले आवेदनपत्रमा प्रदान गर्नुभएको जानकारीमध्ये केहीको प्रमाण प्रस्तुत गर्न आग्रह गरिनेछ।

## मेरा जिम्मेवारीहरूमा के-के पर्छन्?

तपाईंको योग्यतामा असर पार्ने खालका परिवर्तनहरूको बारेमा हामीलाई थाहा हुन जरूरी छ। तपाईंको आर्थिक स्थितिमा भएका कुनैपनि परिवर्तनहरू, जस्तै बिमा रकम प्राप्त गरेको वा उत्तराधिकार हकको बारेमा जानकारी गराउनुपर्छ। तपाईं सर्नुभयो, काममा जान थाल्नुभयो, अन्य लाभ वा आम्दानी पाउन थाल्नुभयो, कोही व्यक्ति तपाईंको घर छोडेर गयो, कोही व्यक्ति सरेर तपाईंको घरमा आयो, वा तपाईंका अन्य बिमा कभरेजमा परिवर्तनहरू भए भने तपाईंले हामीलाई भन्नुपर्ने हुन्छ। त्यस्तो परिवर्तन भएको मितिबाट दश (10) दिन भित्र हामीलाई त्यसबारे जानकारी गराउनुहोस्।

## मेरा अधिकारहरू के-के हुन्?

### आवेदन दिन र निर्णय थाहा पाउने

तपाईंसँग NH मेडिकेडको लागि आवेदनपत्र प्राप्त गर्ने र त्यसलाई भरेर पेश गर्ने, सबै समयमा शिष्टतापूर्वक व्यवहार पाउने, र तपाईंको आवेदनको बारेमा लिखित निर्णय प्राप्त गर्ने अधिकार छ।

### तपाईंको जानकारी गोपनीय राखिपाउने

जानकारी खुलासा गर्न तपाईंले लिखित रूपमा अनुमति दिएको, वा कानूनी प्रयोजनको लागि अभिलेखहरूको आवश्यकता परेको अवस्थामा बाहेक, तपाईंले आफ्नो कार्यकर्तालाई दिनुभएको सबै जानकारी गोपनीय हुन्छ।

### प्रश्नहरू सोध्ने

तपाईं आफूले प्राप्त गरेको जानकारीबाट सन्तुष्ट हुनुहुन्न वा प्रमाणीकरण प्राप्त गर्नमा तपाईंलाई सहायता चाहिएमा, कृपया हामीसँग मद्दत माग्नुहोस्। तपाईं अझै सन्तुष्ट हुनुहुन्न वा तपाईंले बुझ्नुभएको छैन भने, सुपरभाइजरसँग कुरा गराउन आग्रह गर्नुहोस्।

### हाम्रो निर्णय प्रति अपील गर्ने

तपाईंको मामिलाको विषयमा चालिएको कुनैपनि कदम प्रति तपाईं असहमत हनुहुन्छ भने, तपाईंले प्रशासनिक अपीलको लागि अनुरोध गर्न सक्नुहुन्छ। अपीलको सुनुवाईमा, तपाईंले सुनुवाई अधिकारीहरूलाई तपाईं चालिएको कदम प्रति किन असहमत हुनुहुन्छ भनि स्पष्ट पार्न सक्नुहुन्छ। तपाईंले उक्त कदम चालिएको मितिबाट 30 दिन भित्र प्रशासनिक अपील अनुरोध गर्नुपर्छ, अन्यथा तपाईंले अपील प्रतिको अधिकार गुमाउन सक्नुहुन्छ।

### समान व्यवहार पाउने

DHHS ले प्रत्येक मामिलाको निर्णय तथ्यको आधारमा गर्दछ। जाति, सम्प्रदाय, रङ, लैङ्गिकता, उमेर, राजनैतीक सम्बद्धता वा विश्वास, धर्म, राष्ट्रिय मूल, वा अपाङ्गताको आधारमा भेदभाव गर्नु कानून उल्लङ्घन गर्नु हो। तपाईंलाई आफूलाई भेदभाव गरिएको छ जस्तो लागेमा, Brown Building, 129 Pleasant St., State Office Park South, Concord NH 03301 मा अवस्थित न्यू ह्याम्शायर स्वास्थ्य तथा मानव सेवा विभागको ओम्बुड्सम्यान (Ombudsman) मा सम्पर्क गर्नुहोस्; वा (603) 271-6941 वा 1-800-852-3354, एक्सटेन्सन 6941 (भ्वाइस) वा 1-800-735-2964 (TDD) मा फोन गर्नुहोस्। तपाईंले Room 506-F, 200 Independence Avenue, S.W., Washington, D.C. 20201, नागरिक अधिकार कार्यालय, HHS निर्देशकलाई सम्पर्क गरेर वा (202) 619-0403 (भ्वाइस) वा (202) 619-3257 (TTY) मा फोन गरेर पनि भेदभावको उजुरी दायर गर्न सक्नुहुन्छ। यसरी सम्पर्क गर्नुभएको कारण तपाईं विरुद्ध कुनै प्रतिशोधको भाव राख्न पाइँदैन।

## स्वास्थ्य तथा मानव सेवा विभाग डिस्ट्रिक्ट कार्यालयहरू

**बर्लिन**
650 Main St., Ste 200
बर्लिन, NH 03570-2463
752-7800 वा
800-972-6111
फ्याक्स: 752-3208

**क्लेरमन्ट**
17 Water Street Ste. 301
क्लेरमन्ट, NH 03743-2280
542-9544 वा
800-982-1001
फ्याक्स: 542-2367

**कन्कर्ड**
40 Terrill Park Drive
कन्कर्ड, NH 03301-9955
271-6201
800-322-9191
फ्याक्स: 271-6451

**कनवे**
73 Hobbs Street
कनवे, NH 03818-6188
447-3841 वा
800-552-4628
फ्याक्स: 447-1988

**किइन**
111 Key Road
किइन, NH 03431
357-3510 वा
800-624-9700
फ्याक्स: 352-2598

**लाकोनिया**
65 Beacon Street West
लाकोनिया, NH 03246-9988
524-4485 वा
800-322-2121
फ्याक्स: 528-4105

**लिटलटन**
80 North Littleton Road
लिटलटन, NH 03561-3841
444-6786 वा
800-552-8959
फ्याक्स: 444-0348

**म्यान्चेस्टर**
1050 Perimeter Rd Ste. 501
म्यान्चेस्टर, NH 03103-3303
668-2330 वा
800-852-7493
फ्याक्स: 668-5442

**रोचेस्टर**
150 Wakefield St, Ste. 22
रोचेस्टर, NH 03867-1309
332-9120 वा
800-862-5300
फ्याक्स: 335-5993

**सिकोस्ट**
19 Rye St.
पोर्ट्समाउथ, NH 03801
433-8300
800-821-0326
फ्याक्स: 431-0731

**साउदर्न**
26 Whipple St.
नाशुआ, NH 03060
883-7726 वा
800-852-0632
फ्याक्स: 883-2064

**TDD पहुँच: रिले NH 1-800-735-2964**
**वा 711**

DFA Form 77j(Ne)
02/04 rev. 08/11 rev2 4/14 rev3 5/16 rev4 3/18 rev5 8/18
DFA SR 04-10

# इन एण्ड आउट चिकित्सा सहायता भनेको के हो?

*इन एण्ड आउट चिकित्सा सहायता (मेडिकेड) ले ती मानिसहरूलाई सहयोग गर्छ जसको आम्दानी उनीहरूको चिकित्सा बिलहरू भुक्तान गर्न पर्याप्त छैन तर मेडिकेडको लागि योग्य हुनको लागि भने अधिक छ।*



*आम्दानीको कारणले गर्दा तपाईंको मेडिकेड अस्वीकार गरिएको थियो वा रोकिएको थियो भने, तपाईंका चिकित्सा बिलहरूको सम्बन्धमा आउँदा महिनामा तपाईं केही सहयोग प्राप्त गर्न योग्य हुनुहुन्छ कि हुनुहुन्न भनि हेर्न यो लघु पुस्तक पढ्नुहोस्।*

www.dhhs.nh.gov/DFA

स्वास्थ्य तथा मानव सेवाहरू विभाग
129 प्लिजेन्ट स्ट्रिट
गभर्नर ह्युज जे ग्यालेन (Governor Hugh J Gallen) स्टेट अफिस पार्क कन्कर्ड, NH 03301-3857
TDD पहुँच: रिले NH 1-800-735-2964 वा 711